आज मिति २०७६ साल मंसिर २२ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष व्यास ४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| उपसचिव | श्री नगेन्द्र प्रसाद रेग्मी | उपस्थित |
| ब.आ.ले.प.अ. | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: बोलपत्र आव्हान गरी सम्झौता भएको Concrete नालीमा लगाउने फर्माको Item छुट सम्बन्धमा ।
प्रस्ताव नं.२: सुरक्षित आप्रवासन परियोजना संचालनका लागि वडा छनौट सम्बन्धमा ।
प्रस्ताव नं.३: मादीनदी एकीकृत विकास परियोजनाको गुरुयोजना निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.४: प्राकृतिक श्रोत साधन व्यवस्थापन अनुगमन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.५: बैठक स्थगन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ को सम्बन्धमा छलफल हुँदा चालू आर्थिक वर्ष २०७६।०७७ मा ठेक्का मार्फत संचालन हुने गरी तपशिलमा उल्लेखित योजनाहरुको बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु पुरा गरी ठेक्का सम्झौता समेत भइसकेकोमा लागत अनुमान तयार गर्दा प्लम कंक्रिट सहितको नाला निर्माणको लागि आवश्यक पर्ने फर्माको आइटम छुट हुन गई परिमाणको मात्रा (BOQ) मा समावेश नभएको देखिएकोले उक्त फर्माको आइटम थप हुने नियमानुसार भेरिएसन स्वीकृत गर्ने र सो वापत थप हुन आउने व्ययभार बरावरको रकम समेत विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | स्वीकृत रकम |
|---|---|---|
| १. | कलेस्ती मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण व्यास ७ र ९ | १०,५०,१३९।६२ |
| २. | केशवटार मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण व्यास १३ र १४ | ७,८४,४७८।३५ |
| ३. | वैरेनी नयां वस्ती वडा कार्यालय मार्ग कालोपत्रे तथा पक्की नाला व्यास १० | ३,११,६७५।०३ |
| ४. | पराशर रिङरोड मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण व्यास १० र ११ | ६८,१३८।८३ |
| | जम्मा | २२,१४,४३१।८३ |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा स्वीस (SWISS) सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन हुने सुरक्षित आप्रवासन परियोजना (सामी परियोजना) संचालनार्थ यस नगरपालिकाको सेवा प्रदायक संस्थाको रुपमा छनौट भएको ग्रामिण शसक्तीकरण समाज तनहुँ, नेपालद्वारा परियोजना संचालन गर्ने वडा छनौटको लागि अनुरोध भई आएको हुँदा प्रारम्भिक चरणमा यस नगरपालिकाका वडा नं.१, ९ र १० मा उल्लेखित परियोजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत बहाव क्षेत्र बनाई बगीरहेको मादीनदी र यसले ओगटेको भू-भाग समेतको उपयोग हुने गरी निर्माण प्रस्ताव गरिएको व्यास मादी नदी एकीकृत उपत्यका विकास परियोजनाको अवधारणा मुताविक नगर क्षेत्र भित्रको करीब १८ कि.मी. लम्वाईमा बगीरहेको मादीनदी र नदी किनारा क्षेत्रको गुरुयोजना तयार गर्न, व्यास नगरपालिका वडा नं.३ र ५ अन्तर्गतको नदी किनारा सार्वजनिक क्षेत्रमा ताल निर्माण गर्ने विस्तृत परियोजना प्रतिवेदन तयार गर्न परामर्शदाता छनौट गर्ने कार्यका लागि नियमानुसार बोलपत्र आव्हान सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७६।०७७ मा यस नगरपालिकाद्वारा ठेक्कामा लगाइएका विभिन्न घाट तथा खानी एवं अन्य प्राकृतिक स्रोत साधनका क्षेत्रहरुमा हुन सक्ने सम्भावित दोहन तथा अन्य अनियमितताको निराकरण गर्ने उद्देश्यका साथ उपप्रमुख श्री मिरा जोशीको संयोजकत्वमा देहाय बमोजिमको प्राकृतिक स्रोत र साधन उत्खनन् अनुगमन समिति गठन गर्ने र हाल सम्मको अवधिको अवस्था के रहेको छ सो सम्बन्धमा यथाशिघ्र अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी अनुगमन कार्य अगाडि बढाउने समेत निर्देशन दिने निर्णय गरियो ।

१. संयोजक उपप्रमुख श्री मिरा जोशी
२. सदस्य वडाध्यक्ष श्री सूर्यभक्त भण्डारी
३. ,, वडाध्यक्ष श्री तुलसीराम सापकोटा
४. ,, वडाध्यक्ष श्री निरबहादुर खड्का
५. ,, कार्यकारीणी सदस्य श्री तमबहादुर दरै
६. ,, इन्जिनियर श्री विरेन्द्र थापा सदस्य
७. सदस्य सचिव शाखा अधिकृत श्री कृष्णराज घिमिरे
-सहयोगी कर्मचारी अमिन श्री यमप्रसाद पौडेल

**निर्णय नं.५:** अन्य प्रस्तावका सम्बन्धमा छलफल गर्न समयाभावका कारण आज निर्णयमा पुग्न नसकिएको हुँदा आजको बैठक स्थगित गर्दै अर्को बैठक आगामी २०७६।८।२३ गते २.०० बजे बस्ने निर्णय गरियो ।